# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पाँचखाल, काभ्रेपलाञ्चोक
### बागमती प्रदेश, नेपाल

# चमेना गृह सञ्चालन सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

*(दोस्रो पटक प्रकाशित मिति २०७९/१२/२२)*

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको मिति २०७९/०४/२५ गतेको बैठकको निर्णय बमोजिम नगरपालिका हाता भित्र नगरपालिकाका कर्मचारी तथा सेवाग्राहीको सुविधाको लागी चमेना गृह सञ्चालन गर्ने कार्य ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही उक्त कार्य गर्न चाहने योग्य इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले देहायका शर्त बन्देजको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्त बन्देज**

१. यस सम्बन्धी दरभाउ पत्र फारम रु. १,०००।- (एक हजार मात्र) (पछि फिर्ता नहुने) तिरी पाँचखाल नगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ।

२. यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ (सात) दिन (मिति २०७९/१२/२८) गते सम्म) भित्र कार्यालय समय सम्ममा दरभाउपत्र फारम खरिद गर्न र यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ८ औं दिन (मिति २०७९/१२/२९ गते) दिनको १२:०० बजे भित्रमा शिलबन्दी दरभाउपत्र फारम पाँचखाल नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ साथै दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिउसो १:०० बजे पाँचखाल नगरपालिकाको कार्यालयमा खोलिने छ।

३. दरभाउपत्र साथ आफुले कबोल गरेको कुल रकमले हुन आउने पाँच प्रतिशत वा सो भन्दा बढि रकम यस कार्यालयको नेपाल बैंक लि. पाँचखाल-४ स्थित बैंकमा धरौटी खाता नं. १२४०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा समावेश गरेको हुनुपर्ने छ।

४. दरभाउपत्रदाताले बढिमा २०८० साल असार मसान्तसम्मका लागि यस कार्यालयलाई बुझाउन सक्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ।

६. स्वीकृत दरभाउपत्रवालाले आफुले कवोल गरेका ठेक्का रकम अग्रीम भुक्तानी गरेमा कबोल अंकको भ्याट बाहेक ५% ले हुन आउने रकम छुट हुनेछ तथा मान्यता प्राप्त बैंकबाट जारी गरेको मिति २०८० साल साउन १० गते सम्म म्याद भएको बैंक ग्यारेण्टी सम्झौता भएकै दिन सक्कलै प्रस्तुत गरेको हुनुपर्ने छ।

७. दरभाउपत्र फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ। साथै दरभाउपत्र खोल्ने दिन दरभाउपत्रदाताको प्रतिनिधि अनुपस्थित रहे पनि दरभाउपत्र खोल्न कुनै बाधा परेको मानिने छैन।

८. संस्थागत आवेदकका हकमा आफु त्यस्तो दरभाउपत्र दाखिला गर्न अयोग्य नभएको भनि स्वयम घोषणा पेश भएको हुनुपर्ने छ। साथै नविकरण गरिएको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र र आ.व. २०७८।०७९ सम्मको कर चुक्ता प्रमाण पत्र दाखिला गरिएको हुनुपर्ने छ।

९. कुनै पनि दरभाउपत्र विनाकारण पूर्ण वा आशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार नगर कार्यपालिकामा सुरक्षित रहने छ। साथै नगर कार्यपालिकाले निर्धारण गरेको दररेटमा खाना, खाजा तथा अन्य परिकार खुवाउनु पर्नेछ।

१०. यो सूचना यस कार्यालयको website www.panchkhalmun.gov.np वा नगरपालिका कार्यालयको सूचना पाटीमा हेर्न सकिने छ।

११. यस सूचनामा नपरेका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र पाँचखाल नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम हुनेछ।

**कामको विवरण**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | न्युनतम प्रति महिना कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| १ | PMIR/02/2079/080 | पाँचखाल नगरपालिकामा चमेना गृह सञ्चालन गर्ने | रु. २२,१२९.१७- (बाइस हजार एक सय उनानतिस रुपैयाँ सत्र पैसा मात्र) | |